म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २६६ बुधबार २७ बैशाख २०८० ने. सं. ११४३ बछलागा 10 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कर्मचारी आवश्यकता

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना
तलब: आपसी समझदारीमा निर्धारण गरिनेछ ।

सक्षम औषधी पसल/अग्रिम औषधी पसल
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

# मदन भण्डारी लोकमार्गको हेटौंडा-सिन्धुली खण्ड पूरा हुने चरणमा

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ २०६४ मा तराई-मधेश आन्दोलनले महत्व दर्साएको धरान-चतरा-सिन्धुली-हेटौंडा सडक खण्ड निर्माणको अन्तिम चरणमा पुगेको छ । धरान-चतरा-सिन्धुली-हेटौंडा सडक आयोजनाले निर्माण गरेको मदन भण्डारी राजमार्ग नामकरण गरिएको यो सडक सुनसरीदेखि मकवानपुरसम्मको भित्री मधेशको लाइफलाइन बनेको छ । २०६४/६५ मा आयोजना कार्यालय काठमाडौंमा स्थापना गरी निर्माण सुरु भएको हेटौंडा-सिन्धुली-चतरा-धरान सडकले आव २०७२/७३ देखि राष्ट्रिय प्राथमिकता प्राप्त गरेको थियो ।



२०७५ जेठ ६ गतेको निर्णयबाट मदन भण्डारी राजमार्ग आयोजना बनाइएको थियो । पूर्व-पश्चिम जोड्ने गरी पूर्व-पश्चिम राजमार्ग र मध्यपहाडी राजमार्ग बीचमा समानान्तर सडक निर्माण हुने यस आयोजना निर्माणको अन्तिम चरणमा छ । उदयपुरको बसाहादेखि सिन्धुलीको कमलामाई नगरपालिका-९, भिमानसम्म १३५ किलोमिटर सडकलाई पूर्वी खण्ड र भिमानदेखि हेटौंडा उपमहानगरपालिका-६ चौघडासम्म ११५ किलोमिटर लम्बाइ सडकलाई पश्चिम खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो।

हेटौंडा-सिन्धुली-चतरा-धरान सडकको पश्चिमी खण्ड सडक डिभिजन कार्यालय, हेटौंडालाई हस्तान्तरण गरिएको छ । मकवानपुर तर्फ ४८ किलोमिटर र सिन्धुलीतर्फ ६७ किलोमिटर रहेको यस पश्चिमी खण्डको अधिकांश भागको निर्माण पूरा भएसँगै सडक डिभिजनलाई हस्तान्तरण गरिएको हो । अहिले हेटौंडा-सिन्धुली खण्डमा सार्वजनिक यातायातका साधन चल्न थालिसकेका छन् तर, सरकारले यो सडकखण्ड प्रयोग गर्ने रुट ईजाजत भने दिएको छैन ।

मकवानपुरतर्फ हेटौंडा-६ को कर्रा पुल नजिकै, बकैया गाउँपालिका-४ को माझी खोलाको पुलसँगै र कमलामाई नगरपालिकाको धुरा बजारदेखि खट्टारसम्म विवादका कारण रोकिएको थियो तर, हेटौंडा-६ को बिवाद भने मिलिसकेको छ । यसबाहेक सडकको कालोपत्रेलगायतका सबै काम पूरा भएको छ। यस खण्डमा पर्ने ३९ वटा पुलमध्ये पछिल्लो पटक ठेक्का लागेका छवटा पुल निर्माण समेत अन्तिम चरणमा पुगेको छ।

सडक डिभिजन कार्यालय, हेटौंडाका प्रमुख राजेश यादवले पश्चिमी खण्डको सडक र पुल निर्माणको काम लगभग पूरा भएर हस्तान्तरण भएको जानकारी दिए । गत माघमा हस्तान्तरणसँगै सडक कार्यालयले मर्मतसम्भारको काम गरि रहेको छ । यो सडक खण्डको ९९.९ प्रतिशतभन्दा बढी काम पूरा भइसकेको यादवले जानकारी दिएका छन् । निजगढ-काठमाडौं द्रुतमार्ग सडक खण्डमा पर्ने र मरिण डाइभर्सन आयोजना नजिक आयोजनाका कारण रोकिएको भागमा ती आयोजनाले नै निर्माण गर्ने भएका छन्।

हेटौंडा-सिन्धुली सडकखण्ड पुलबाहेक सडक सात अर्ब १० करोड रुपैयाँको लागतमा निर्माण भएको हो । पहिले सम्पन्न भएका सिन्धुली र मकवानपुरका गरी ३२ वटा पुल तीन अर्ब १९ करोड, बागमती पुल २४ करोड र अन्तिम चरणमा ठेक्का लागेका छवटा पुलको निर्माण लागत ५५ करोड रुपैयाँ रहेको छ। सिन्धुलीको कमलामाई नगरपालिकाको धुरा बजारदेखि खट्टार सम्म एक किलोमिटर मुआब्जा लगायतका विवादले रोकिएको हो ।

हेटौंडा-सिन्धुली-चतरा-धरान सडक खण्डको पश्चिमी खण्ड निर्माणले पूर्णता पाएसँगै बागमती प्रदेशको राजधानी हेटौंडासँग सिन्धुली र रामेछाप जिल्लाका नागरिकको पहुँच बृद्धि भएको छ। यो सडक बन्नुअघि सिन्धुलीवासीलाई सर्लाही, रौतहट, बारा हुँदै हेटौंडा आउनुपर्ने बाध्यता थियो। रामेछापवासी काठमाडौं हुँदै हेटौंडा आउनु पर्थ्यो। यो सडक निर्माणले प्रदेश राजधानी हेटौंडा आइपुग्न लाग्ने दूरी र समय घटेको छ।

विगतमा बागमती खोलामा पुल नहुँदा सिन्धुली र मकवानपुरका बासिन्दालाई वर्षायाममा सकस हुँदै आएको थियो। गत वर्ष पुल निर्माण भएपछि मकवानपुरको पूर्वी क्षेत्र र सिन्धुली जिल्लाको पश्चिमी क्षेत्रका स्थानीय तहमा सडक सुविधा बढेर आवागमन सहज भएको छ। हेटौंडा-सिन्धुली-धरान सडक निर्माणसँगै सडकले छोएको जिल्लाका स्थानीय तहका बस्तीमा चहलपहल बढेको छ। सहज यातायात सुविधाले त्यस क्षेत्रका बासिन्दाको सामाजिक र आर्थिक जीवनमा परिवर्तन आउन थालेको छ।

मकवानपुरको बकैया गाउँपालिकाका अध्यक्ष धर्म लामिछानेले सडक निर्माणपछि मकवानपुरको पूर्वी स्थानीय तहसँगै सडक मार्गले आर्थिक गतिविधि बढ्न थालेको बताए । यसले भित्री मधेशका नागरिकको आर्थिक-सामाजिक जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउने धारणा व्यक्त गर्दै लामिछानेले भने, 'स्थानीयलाई आवागमन र कृषिजन्यलगायतका स्थानीय उत्पादन बजारसम्म पुयाउन सहज भएको छ, कृषि तथा पशुजन्य उत्पादनले उचित मूल्य पाउनेछ र सहरीकरण बढ्नेछ।'

सडक डिभिजन कार्यालय, हेटौंडाका इन्जिनियर रमेश पाण्डेले भित्री मधेशमा निर्माण भएको यो सडक पूर्व-पश्चिम राजमार्गको वैकल्पिक मार्ग भएको र यसले उदयपुर, सिन्धुली र मकवानपुरका ग्रामीण क्षेत्रमा निजी र सार्वजनिक संरचना निर्माण हुन थालेको बताए । २०५० सालअघिसम्म हेटौंडाको फुर्केचौरबाट पूर्वी क्षेत्रका गाउबस्तीमा पैदलै जानु पर्दथ्यो । अहिले सडक बनेपछि स्थानीयको दैनिक जीवन सहज भएको छ । हेटौंडाबाट फापरबारी करिब १ घण्टामा पुग्न सकिन्छ ।

फापरबारीबाट बिहान ८ बजे हिँड्दा राति ८ बजे हेटौंडा पुगिन्थ्यो । सडक बनेपछि शिक्षा र स्वास्थ्य सेवा लिन सहज भएको छ, जग्गाको भाउ बढेपछि स्थानीयको आर्थिक जीवनमा सडकले परिवर्तन ल्याएको छ । विगतमा सिन्धुलीको पश्चिम भाग र मकवानपुरको पूर्वी भागमा सडकको पहुँच नभएका कारण विकासमा पछाडि परेको थियो । खोला, बगरको बाटो हिँड्नुपर्ने बाध्यता अहिले हटेको छ । ललितपुर, काभ्रे, सिन्धुली तीन जिल्लाका नागरिक पैदलै हेटौंडा आउनुपर्ने बाध्यता हटेको छ ।

# उपमहानगरका ५६ घरधुरीलाई लालपुर्जा

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ हेटौंडा उपमहानगरपालिकामा बसोबास गर्दै आएका ५६ घरधुरीलाई जग्गाधनी पुर्जा (लालपुर्जा) वितरण गरिएको छ ।

राष्ट्रिय भूमि आयोग मकवानपुरले हेटौंडा उपमहानगर पालिका वडा नम्बर १३ वनस्पतिमा ५६ घरधुरी सुकुम्बासीलाई लालपुर्जा वितरण गरेको हो । २०५२ सालमा साबिकको पदमपोखरी र हालको हेटौंडा उपमहानगरपालिका-१३ वनस्पतिमा ताइवानी सरकारको चुची फाउण्डेशनको सहयोगमा बाढीपीडितका लागि ४ सय २ घर वनेको थियो । ती घरमध्ये ७४ परिवारले लालपूर्जा पाएका थिएनन् । उनीहरुले २८ वर्षपछि जग्गाधनी पूर्जा पाएका हुन् । राष्ट्रिय भूमि आयोग मकवानपुरले ७४ घरधुरीलाई मंगलबार एक कार्यक्रम बीच लालपूर्जा वितरण गरेको हो ।


हेटौंडा उपमहानगर पालिकाकी मेयर मीनाकुमारी लामा, उपमेयर राजेश बानियाँ, भूमि आयोग मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहाल, वडाअध्यक्ष पेमा लामा लगायतले जग्गाधनी पूर्जा वितरण गरेका थिए । राजस्व नतिरेका कारण बनिसकेका १८ जनाको लालपूर्जा रोकिएको आयोगका अध्यक्ष दाहालले बताए । २८ वर्षपछि जग्गाधनी पूर्जा पाउँदा देवकुमारी कार्कीका आँखाबाट बररर आँसु झरे । खुशीले उनले आँसु थाम्नै सकिनन् । यो पूर्जा पाउनका लागि उनले निकै सास्ती बेहोर्नु परेको थियो ।

२०५० सालको साउनमा आएको बाढीपहिरोले साबिकको आमभन्ज्याङ गाविसस्थित उनको घर, खेत सबै बगाएको थियो । उनी बाढीपीडित मात्र होइन, सुकुम्बासी पनि बनिन् । २०५२ सालमा साबिकको पदमपोखरी र हालको हेटौंडा उपमहानगरपालिका-१३ वनस्पतिमा ताइवानी सरकारको सहयोगमा बाढीपीडितका लागि ४ सय २ घर बनेको थियो । ती घरमध्ये कार्कीले पनि एउटा घर पाएकी थिइन् । तर, उनले त्यस्को लालपूर्जा पाउन सकेकी थिइनन् । २८ वर्षको बीचमा धेरै थरीका सुकुम्बासी आयोग बने तर, उनले लालपूर्जा पाएकी थिइनन् ।

वनस्पतिमा निर्माण गरेको ४ सय २ घरमध्ये कार्कीसहित ७४ घरलेमात्र लालपूर्जा पाएका थिएनन् । अहिले राष्ट्रिय भूमि आयोग मकवानपुरले ती ७४ घरधुरीलाई मंगलबार एक समारोहबीच जग्गाधनी पूर्जा प्रदान गरेको छ । जग्गाधनी पूर्जा हातमा परेपछि खुशीले गद्गद् भएर ६५ वर्षीया कार्कीको आँखाबाट आँसु झरेको थियो । जग्गाधनी पूर्जा हातमा पाएपछि भनिन्, 'लालपुर्जा नपाइकन मरिन्छ कि जस्तो लागेको थियो तर, अहिले पुर्जा हातमा परेपछि असाध्यै खुशी लाग्यो ।,' लालपुर्जा हातमा परेपछि उनी मात्र होइन रीना लामा, प्रदीप दाहाल लगायत ५६ जनाको खुशीको सीमा थिएन । 'घरमा बसेको २७/२८ वर्ष भइसक्यो तर, आधिकारिक कागजपत्र केही थिएन, अहिले ढुक्क भइयो', प्रदीपले भने ।

## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे



सम्पर्क:
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

## सम्पूर्ण ब्राण्डका गाडी


एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## घडेरीहरू बिक्रीमा




मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९

साझाकुरा

## हाम्रो कुरा

# खर्च कटौतीका उपाय खोजौं

अहिले बजेट निर्माणको प्रक्रिया सुरु भएकाले अर्थ मन्त्रालय खर्च कटौतीको ठाउँ खोजिरहेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले पनि सार्वजनिक कार्यक्रममा खर्च कटौतीका उपाय खोजी भइरहेको बताएका छन् । तर, सरकारका कतिपय बैठक सरकारी कार्यालयमा नगरी ५ तारे होटलमा महँगो बिल भुक्तानी गरेर गर्न छोडिएको छैन । 'मुखले रामराम बगलीमा छुरा' भन्ने नेपाली उखान झैं सरकारको ब्यवहार देखिएको छ । सरकारले खर्च कटौती गर्ने हो भने सार्वजनिक संस्थानमा भइरहेको अनावश्यक लगानी कटौती गर्नुपर्छ । राज्यले अनावश्यक ठाउँमा भइरहेको खर्च कटौती गर्ने हो भने पहिला सामाजिक संजाल बन्द गर्नुपर्छ तर, त्यसो गर्न सरकारको हिम्मत छैन । सामाजिक संजालका कारण देखासिकी बन्द गरी हाम्रो आफ्नै मौलिकतालाई अंगाल्न सक्नुपर्छ । राज्य संचालकहरु नागरिकप्रति उत्तरदायी बन्नुपर्छ । तर, त्यस्तो सम्भावना देखिदैन । 'घाँटी हेरेर हाड निल्नु' भन्ने उखान छ । हामी हाम्रो मौलिकतालाई बिर्सेर बिदेशी संस्कृतिलाई पछ्याउँदै गएका कारण समस्या सृजना भएको छ । हाम्रो उत्पादन केही छैन । सबै किनेर उपभोग गर्नु पर्ने अवस्थामा रहेकै कारण हामी आर्थिक संकटमा छौं ।

सार्वजनिक संस्थानबारे अध्ययन गर्न बनेका समितिले दिएका सुझाव कार्यान्वयन गरेर खर्च कटौती गर्न सक्ने ठाउँ सरकारसँग रहेको पछिल्लो अध्ययन समितिका एक सदस्यले बताएका छन् । सरकारी स्वामित्वका २ वटा सिमेन्ट उद्योगलाई एकआपसमा मर्ज गराएर चलाउन समितिले सिफारिस गरेको थियो । हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगलाई मर्ज गराएर कम्तिमा कर्मचारी र बोर्ड एउटै बनाउन सकिने सुझाव समितिको छ । यो त एउटा उदाहरण मात्र हो । यी २ उद्योग मर्ज गर्न सुझाव दिए पनि सरकारको ध्यान त्यता जानेवाला छैन । समितिले बुटवल धागो कारखाना र हेटौंडा कपडा उद्योग कुनै पनि हालतमा सरकार आफैंले चलाउन नसक्ने देखेपछि खारेज गर्न सुझाएको छ । बुटवल धागो कारखाना र हेटौंडा कपडा उद्योग खारेजीको प्रक्रियामा लगी खाली जग्गाको रेखदेखका लागि खटाइएका कर्मचारीमा भइरहेको लगानी रोक्नु उपर्युक्त हुने सुझाव दिइएको छ । अहिले यी २ उद्योगमा जीर्ण भइसकेका मेशिनरी औजार र खाली जमिनको रेखदेखका लागि भनेर अस्थायी कर्मचारी खटाइएको छ । यस्ता कर्मचारी राजनीतिक दलका कार्यकर्ता छन् । अबका दिनमा हेटौंडा कपडा उद्योग यही अवस्थामा संचालनमा ल्याउन सकिने सम्भावना छैन । त्यस्तै जनकपुर चुरोटको ब्राण्ड बिक्री र कम्पनी खारेज गर्ने प्रस्ताव अघि सारिएको छ । जनकपुर चुरोट कारखानाको ३४ विगाहा जमिनमा विचौलियाले आँखा लगाउन थालिसकेको भन्दै अझै जनकपुर चुरोट कारखाना चलाउन सक्छु भन्ने कुनै निजी क्षेत्र आए उसलाई जमिनको स्वामित्व नै हस्तान्तरण भएर नजाने गरी जग्गा भाडामा दिएर चलाउन सकिने देखिएको ती सदस्य बताउँछन् । सँगै, कुनै पनि बेला यो जमिन लिन सक्ने गरी ठूलै विचौलिया समूह सक्रिय छ । जनकपुर चुरोटको ख्याती अझै रहेकाले यसको ब्राण्ड बिक्री गरी कम्पनी खारेज गरेर आम्दानी र खर्च कटौती एकसाथ गर्न सकिने अध्ययनमा संलग्न ती विज्ञ बताउँछन् ।

बिचौलियाको कुरा सुन्ने र चाकरी गर्नेलाई मात्र नजिक राख्ने अभ्यास बढ्दै गएपछि हाम्रो दिनचर्या नै उँधोगतितिर लागेको छ । सामान्य नागरिकको आम्दानी भन्दा खर्च बढी गर्ने बानी परेको छ । बचत नगर्ने वा बचत गर्न नसक्ने कारणले आर्थिक रुपमा समस्या बढ्दो छ । एकातिर क्रयशक्ति घट्दो क्रममा छ भने अर्कोतिर महँगी बढ्दो क्रममा छ । यो सबै हाम्रो दिनचर्यामा आएको परिबर्तनले गरेको हो । नागरिक आर्थिक रुपमा क्रियाशील हुन सकेनन् भने राज्यले कर संकलन गर्न सक्दैन र राज्य संचालन गर्न ऋण लिनुपर्ने बाध्यता हुन्छ । नेपालमा पछिल्ला बर्षमा देखिएका भ्रष्ट्राचारले धनी र गरिवबीचमा ठूलो खाडल बन्दै गएको छ । यसका कारण दिनभरि खेतीपातीमा पसिना बगाउनेले भन्दा राज्यलाई तिर्नुपर्ने कर छली गरेर सुकिलो लगाउनेले समाजमा सम्मान पाइरहेका छन् । जबसम्म खेतबारीमा पसिना बगाउने किसानको दु:ख समाजले बुझ्न सक्दैन तबसम्म परिबर्तनको अनुभूति हुनेवाला छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २८ गते बिहीबार ११ मे २०२३ । षष्ठी, ज्येष्ठ कृष्णपक्ष । बछलागा ११४३ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

### नागरिकता विधेयक प्रमाणीकरण :

# संविधानको घोर उल्लंघन भएपछि के गर्ने ?



✍ वृषेशचन्द्र लाल

सम्माननीय राष्ट्रपतिले नागरिकता विधेयक, २०७९ को प्रमाणीकरणको विषयमा कानुनी परामर्शलाई तीव्र बनाएका छन् । यस सन्दर्भमा उनले संविधानको पालना र यसको संरक्षणप्रतिको आफ्नो प्रतिबद्धता दोहोऱ्याएका छन् । लोकतन्त्रको सुदृढीकरणको अर्थमा राष्ट्रपतिबाट संविधानको संरक्षणको कर्तव्यबोध निश्चय नै सुखद संकेत हो । संविधानले संविधानको पालना र संरक्षणलाई नै राष्ट्रपतिको प्रमुख कर्तव्य भनेर किटानीसाथ उल्लेख गरेको छ । यसै प्रमुख कर्तव्यको उद्घोषले संविधानले राष्ट्रपतिको गरिमा र मर्यादालाई उच्चतामा स्थापित गरेको छ ।

अबेरै सही, सत्तारुढ गठबन्धनको पछिल्लो बैठकले नागरिकता विधेयक- २०७९ लाई प्रमाणीकरण गर्न लगाई पूर्वराष्ट्रपति विद्या भण्डारीले गरेको संविधानको घोर उल्लंघनलाई सच्याएर जानुपर्ने स्पष्ट सहमति अभिव्यक्त गरेको छ । नसच्याए भविष्यमा गलत नजीर बस्न सक्ने सत्ता गठबन्धनको निष्कर्ष हो ।

गत फागुन १२-१३ गते वीरगन्जको बैठकमा कानुन व्यवसायीको साझा संगठनको नेपाल बार एसोसिएसनको कार्यकारिणी परिषद्ले पनि यही निष्कर्ष निकाल्दै रोकिएको विधेयक प्रमाणीकरण गर्न पहल गर्नुपर्ने निर्णय गरेको थियो । बार कार्यकारिणी परिषद्को बुँदा नम्बर १६ मा 'नेपाली नागरिकले नागरिकता प्राप्त गर्ने संवैधानिक हक र कानुनी अधिकार भएकाले योग्य नेपाली नागरिकले सहज रूपमा नागरिकता प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्न संसद्को दुवै सदनद्वारा पारित भई प्रमाणीकरणका लागि सम्माननीय राष्ट्रपतिसमक्ष पेस भएका नागरिकतासम्बन्धी विधेयक हालसम्म प्रमाणीकरण नभएकाले सो विधेयक विधिवत रूपमा प्रमाणीकरण गर्नका लागि आवश्यक पहल गर्नुपर्ने' भनिएको छरु।

यस विषयमा राष्ट्रपति पौडेलले आइतबार सरकारका प्रमुख कानुनी सल्लाहकार महान्यायाधिवक्तासँग समेत कानुनी परामर्श गरेका थिए । संविधानको धारा ११३ (४) बमोजिम संघीय संसद्बाट दोस्रोपटक समेत पारित भएर राष्ट्रपतिसमक्ष राखिएको विधेयक प्रमाणीकरण गर्नु नै श्रेयष्कर हुने महान्यायाधिवक्ताको समेत राय थियो । तसर्थ अब यो विधेयक राष्ट्रपतिबाट तत्काल प्रमाणीकरण भई संविधानको उल्लंघनको गल्तीको शुद्धि-सुधार हुनु आवश्यक छ ।

नागरिकता विधेयक, २०७९ को प्रमाणीकरणमा कुनै कानुनी बाधा छैन । बरु संविधानले यही निर्देशित पनि गरेको छ । नेपालको संसदीय प्रणाली वेस्टमिन्स्टर संसदीय प्रणाली भएको र सो प्रणालीमा संसदको विघटन वा कार्यकाल समाप्त भएपछि कानुन बन्न नसकेको विधेयक स्वत: समाप्त भएर जाने भन्दै कतिपयबाट वास्तविकता र तथ्यलाई तोडमोड गरेर प्रस्तुत गर्ने प्रयास पनि भइरहेको छ ।

हाम्रो संसदीय प्रणाली निश्चय नै वेस्टमिन्स्टर संसदीय प्रणाली आधारित प्रणाली हो, तर यो ठ्याक्कै बेलायती संसद्को जस्तो होइन । बेलायतको संविधान अलिखित संविधान हो र परम्परामाथि आधारित छ । नेपालको संविधान लिखित संविधान भएको हुनाले संविधानमा लेखिएभन्दा दायाँ-बायाँ गर्ने गुन्जायस छैन । संविधानमा विद्यमान व्यवस्था संविधानको संशोधन नभएसम्म बदलिन सकिँदैन । नेपालको संविधानको धारा ११३ मा विधेयकमा प्रमाणीकरणको लिखित व्यवस्था छ । ११३ को ४ मा 'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुन: पेस गरेमा त्यसरी पेस भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ' भनिएको छ । ११३ को ४ अनुसारको प्रक्रिया पूरा गरिसकेको विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नैपर्ने संवैधानिक बाध्यता छ । यसकारण तत्कालीन राष्ट्रपति विद्या भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगर्नुलाई संविधानको घोर उल्लंघन भनिएको हो ।

अब प्रश्न उठ्छ, संविधानको यसरी घोर उल्लंघन भएपछि के गर्ने ? केहीले, संविधानमा यस्तो भएको अवस्थापछिको स्थितिबारे संविधान केही भनिरहेको छैन, भनिरहेका छन्, तर त्यस्तो होइन । संविधानको ११३ को ५ ले त्यसपछिको स्थितिबारे संकेत गर्दछ । त्यसमा 'राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि विधेयक ऐन बन्छ' भनिएको छ । यसले दुईवटा कुरालाई प्रस्टता दिएको छ । पहिलो, कुनै पनि विधेयक ऐन बन्न राष्ट्रपतिको प्रमाणीकरण नितान्त आवश्यक छ भन्ने कुरा र अर्को, कुनै कारणवश ११३ को ४ अनुसारको प्रक्रिया पूरा गरेर आएको विधेयक १५ दिनभित्र प्रमाणीकरण हुन नसके त्यसपछि पनि राष्ट्रपतिले प्रमाणीकरण गर्ना साथ सो विधेयक ऐन बन्नेछ भन्ने व्यवस्था । संवैधानिक व्यवस्थाको यस्तो विवेचनले ११३को ४ र ५ दुवैको पालना भई संविधान उल्लंघनको शुद्धि-सुधार हुनेछ ।

अब वेस्ट मिन्स्टर संसदीय प्रणालीको कुरा गरौं । वेस्टमिन्स्टर संसदीय प्रणालीको मुख्य अवधारणा शक्तिको पृथकीकरण हो । यसअन्तर्गत कानुन बनाउने विधायिनीसम्बन्धी सम्पूर्ण अधिकार संसद्को मात्र हुन्छ । यस अधिकारमा कतैबाट कुनै किसिमको अवरोध वा हस्तक्षेप पूर्णतया वर्जित छ । वेस्टमिन्स्टर संसदीय लोकतन्त्रमा संसद्ले बनाएको कानुनलाई राष्ट्रप्रमुख लगायत कसैलाई रोक्ने अधिकार छैन । शक्तिको पृथकीकरण भनेको एक-अर्काको अधिकारमा अर्कोको कुनै हस्तक्षेपको गुन्जायस नहुनु हो । बेलायतमा पनि सम्राट राज्यको प्रमुख हुन्छन्, तर सीमित अधिकारका साथ । सम्राट आनुष्ठानिक, प्रतीकात्मक र औपचारिक मात्र हुन्छन् । उनीसँग कानुन निर्माणसम्बन्धी प्रक्रियासँग सम्बन्धित कुनै वास्तविक अधिकार अर्थात् निर्णय लिने शक्ति हुँदैन । सम्राटको कार्य देशको एकता र निरन्तरताको प्रतिनिधित्व गर्नु मात्र हुन्छ ।

बेलायतमा पनि आवश्यक सबै प्रक्रिया पूरा गरी अर्थात् दुवै सदनबाट पारित भइसकेर सम्राटको सहमतिको निमित्त प्रस्तुत विधेयक सम्राटको सहमतिको निमित्त योग्य हुन्छन् । संसदको कार्यकाल समाप्त भएर वा भएको संसद् विघटित भएर दुवै सदनबाट पारित विधेयकको अस्तित्व र योग्यता समाप्त हुँदैन । सम्राटको सहमतिको निमित्त बेलायतमा कुनै अवधि निश्चित गरिएको छैन । संसदको दुवै सदनबाट पारित कुनै पनि विधेयक सम्राटले सहमति दिनासाथ कानुन बन्छ । दुवै सदनबाट पारित विधेयकको हकमा सम्राटले संसदको कार्यकाल पूरा भएपछि वा संसदको विघटन भएपछि समेत सहमति प्रदान गरेर कानुन बनेको सूचित गर्न सक्छन् । कुनै कानुनी वा परम्परासँग जोडिएको कुनै बाधा छैन ।

कतिपयले बेलायती संसद्को बिल वास-अपको परम्पराको कुरा पनि उठाउने गरेको सुनिएको छ, तर बिल वास-अप भनेको फरक कुरा हो । बेलायतमा प्रचलित परम्परा अनुसार संसद्को कार्यकाल समाप्तिको केही दिनअगाडिको अवधिलाई वासअप अवधि भनेर भनिन्छ । यो संसद्मा प्रगतिमा रहेको तर पारित हुन नसकेको विधेयकसँग जोडिएको अवधि हो । विधेयक पारित गर्नु अत्यन्त जरुरी छ भने सरकारसँग बहुमत नभएको खण्डमा सरकार विपक्षलाई सहयोगको आग्रह गर्दछ र विपक्षले सहयोग गरेपछि विधेयक पारित भई सम्राटसमक्ष सहमतिको निमित्त प्रस्तुत गरिन्छ र सम्राट त्यसपछि सहमति प्रदान गर्छन् । सरकारसँग बहुमत पनि छैन र विपक्षको सहयोग पनि प्राप्त हुन सकेन भने त्यस्तो विधेयक मरेर जान्छ । यसै विषयमा अर्को संसद्मा नयाँ विधेयक प्रस्तुत गर्न सकिन्छ । तात्पर्य यो कि संसद्बाट पारित हुन नसकेको विधेयक मात्र वास-अप भई समाप्त भएर जान्छ । संसदको दुवै सदनबाट पारित विधेयक समाप्त हुँदैन । त्यस्तो विधेयक सम्राटको सहमति अर्थात् प्रमाणीकरणको प्रक्रियामा अगाडि बढ्छ । नागरिकता विधेयक, २०७९ दुवै सदनबाट पारित भइसकेको हुनाले यस्तो तर्क यहाँ काम गर्दैन ।

नागरिकता विधेयक प्रमाणीकरण नहोस् भन्ने चाहनेहरू वर्तमान समय विधेयक प्रमाणीकरणको निमित्त उपयुक्त नभएको कोकोहोलो मचाउन सुरु गरेको पनि सुनिन थालिएको छ । भुटानी शरणार्थी ठगी प्रकरणले तातिएको वर्तमान समयमा नागरिकता विधेयकको प्रमाणीकरणले जनताको ध्यान अर्कोतिर तानिन्छ भन्ने दुहाई कतै-कतैबाट आइरहेको सुनिन्छ । भुटानी शरणार्थी ठगी प्रकरण सत्ता सञ्चालक समूहमा व्याप्त चरम भ्रष्टाचारसँग सम्बन्धित छ ।

नागरिकता विधेयकको प्रमाणीकरण संविधानको पालना, सार्वभौम जनताको प्रतिनिधि संसद्को सर्वोच्चता र नागरिकताको प्रमाण-पत्र नभएको कारणले योग्य नागरिक भएर पनि नागरिक हकको उपभोग गर्नबाट वञ्चित लाखौं नागरिकसँग गाँसिएको छ । त्यसकारण प्रमाणीकरणले गर्दा जनताको ध्यान अर्कोतिर मोडिने भन्ने तर्क फजुल हो ।

भ्रष्टाचार नियन्त्रणको सवाल सरकार र देशका सबै तन्त्रको योग्यता र प्रतिबद्धता तथा नेपालमा विधिको शासनको स्थितिको परीक्षाको विषयसँग जोडिएको विषय हो । त्यसमा कुनै किसिमको अटेर र सम्झौता हुनु वा गर्नु हुँदैन । भ्रष्टाचारमाथि कारबाही र कानुन निर्माणको सवाल राजनीतिक सौदेबाजीको विषयवस्तु होइन । यस्तो मानसिकता र क्रियाकलापको अन्त्य आवश्यक छ । नागरिकता विधेयक २०७९ को प्रमाणीकरण संविधानले तय गरेको कार्यप्रणालीको ट्र्याक र विधायिनीसम्बन्धी कार्यमा संसद्को सर्वोच्चतासँग गाँसिएको हुनाले राष्ट्रपतिबाट तत्काल यसको प्रमाणीकरण हुनैपर्दछ ।

*(साभार: रातोपाटी)*

---

# नीतिगत भ्रष्टाचारको कानुनी जरा काट

✍ राजुप्रसाद चापागाई

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन-२०४८ को तेस्रो संशोधन विधेयक संघीय प्रतिनिधिसभामा अहिले विचाराधीन छ । उक्त विधेयकले माननीयहरूलाई ऐतिहासिक छनोटको अवसर दिएको छ– नीतिगत भ्रष्टाचारको कानुनी संरक्षणलाई जगेर्ना गर्ने कि त्यसका कानुनी जरा काटेर सुशासनको पक्षपोषण गर्ने ?

'भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता' को नारा नलगाउने कुनै राजनीतिक दल हाम्रोमा छैन । सबैले आफू सुशासनप्रति चौबीसै क्यारेट प्रतिबद्ध भएको दाबी गर्छन् । सुशासनलाई नभजाएको कुनै चुनावी घोषणापत्र छैन । यथार्थमा चाहिँ दलहरू र तिनका सरकारहरूको प्रतिबद्धता सुशासन होइन, बरु कुशासनप्रति विगतदेखि नै खम्बिर देखिएको छ । अहिले राष्ट्रिय सभा हुँदै संघीय प्रतिनिधिसभामा आइपुगेको सो विधेयक त्यसको उदाहरण हो ।

नीतिगत घुम्टोभित्र हुने भ्रष्टाचारको कानुनी जरा काट्ने प्रयत्न हुनुपर्थ्यो । उल्टो त्यसलाई मलजल गरेर फैलाउने र दह्रो पार्ने हर्कत भएको छ । नीतिगत भ्रष्टाचार राज्यसंरक्षित अपराधका रूपमा संस्थागत गर्ने खुलेआम कोसिस भएको तथ्य विधेयकले नै बोलिरहेको छ । सवाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन-२०४८ को दफा ४(ख) को हो । यसले नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको निर्णयलाई नीतिगत घुम्टो ओढाएर आयोगको क्षेत्राधिकारबाहिर राख्छ । यस व्यवस्थालाई विगतदेखि नै राजनीतिक तहबाट पालेर राखिएको छ ।

संघीय मन्त्रिपरिषद्को तहमा सीमित रहँदै आएको यो अनुचित 'कानुनी उन्मुक्ति' लाई अहिले प्रदेश तहसम्म विस्तार गर्ने हर्कत गरिएको छ– 'संघीय संसद्, प्रदेशसभा वा सो अन्तर्गतका समितिको बैठकमा भएको कामकारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै कामकुराको सम्बन्धमा वा नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय वा अदालतको न्यायिक कामकारबाहीका सम्बन्धमा आयोगबाट यस ऐन अन्तर्गत अनुसन्धान, तहकिकात वा अन्य कुनै कारबाही हुनेछैन ।'

संसदीय तथा न्यायिक कारबाहीका सन्दर्भमा आयोगको क्षेत्राधिकार आकर्षित नहुने कुराको औचित्य बुझ्न सकिन्छ, तर उच्च तहका कार्यकारी पदाधिकारीले गरेको निर्णयलाई नीतिगत घुम्टो ओढाएर आयोगको क्षेत्राधिकार आकर्षित नहुने व्यवस्था आपत्तिजनक थियो र छ । सार्वजनिक अधिकारीले कुनै पनि प्रकृतिको निर्णय गर्दा अख्तियार दुरुपयोग भए-नभएको अनुसन्धान गर्न पाउने आयोगको अन्तर्निहित अधिकारमा लगाइएको यस्तो अंकुश औचित्यपूर्ण छैन ।

विधेयक जस्ताको तस्तै पारित भए प्रदेश मन्त्रिपरिषद्मा निर्णय गराएर भ्रष्टाचार गर्नेहरूले पनि दण्डहीनताको फल खान पाउनेछन् । उल्टो विकासक्रम त्यतिमै सीमित हुनेवाला छैन । प्रदेश तहमा विस्तारित उन्मुक्तिको लाभबाट पालिका तहका कार्यकारी पदाधिकारीलाई किन वञ्चित गर्ने भन्ने प्रश्न उठ्नेछ । सिंहदरबारमा हुने नीतिगत भ्रष्टाचारलाई विकेन्द्रीकरण गरी गाउँगाउँमा पुऱ्याउने कानुनी बाटो ढिलोचाँडो खोलिने नै होला !

तसर्थ यसलाई अविलम्ब जरैदेखि नियोजन गर्न जरुरी छ । किनकि संविधानले यस्तो कपटपूर्ण व्यवस्था गर्न अनुमति दिँदैन । धारा २३९(१) ले 'कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति' ले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले अनुसन्धान गर्न वा गराउन सक्ने स्पष्ट व्यवस्था छ । संविधानमा 'छुट्टै व्यवस्था भएको पदाधिकारी' र अन्य कानुनले जवाफदेहीको 'छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारी' को हकमा मात्रै अपवाद सृजना गरिएको छ । त्यस्तो अपवाद पनि सार्वकालिक छैन, पदमुक्त भएपछि अनुसन्धान गर्न गराउन संविधानले रोक्दैन । उपधारा (२) मा 'धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुन बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ' भन्ने व्यवस्थाले पनि अपवादको सीमा के हो, थप प्रस्ट पारेकै छ । तसर्थ नीतिगत निर्णयको नाउँमा निरपेक्ष उन्मुक्ति दिनुको कहींकतै औचित्य स्थापित हुँदैन । औचित्यहीन अपवादलाई मान्यता दिने संविधानको कुनै पनि आशय देखिँदैन । संविधानमा परिभाषित दायरालाई विधायिकी कानुनले फुकाउन वा खुम्च्याउन सक्दैन । धारा २३९(६) मा पनि कानुन बनाउने संसद्को अधिकार संविधानले तोकेका काम, कर्तव्य र अधिकारको अतिरिक्त थप काम, कर्तव्य र अधिकार तोक्न तथा आयोगको कार्यविधि निर्धारण गर्ने प्रयोजनमा सीमित गरिएको छ । साथै स्वेच्छाचारी रूपमा क्षेत्राधिकार खुम्च्याउने कार्य धारा ५१(ख) को देहाय (४) मा अभिव्यक्त सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाई सुशासन प्रत्याभूति गर्ने उद्देश्यको पनि विपरीत हुन्छ ।

आयोगको सृजना नै नियन्त्रण र सन्तुलनसहितको शक्ति पृथकीकरणको सिद्धान्तको सेवाका लागि हो । कार्यकारी आफैं धामी आफैं झाँक्री हुने स्थिति नआओस् भन्नका लागि हो । कार्यकारी शक्ति अभ्यासको स्वतन्त्र निगरानीको सुनिश्चितता नभैकन शक्ति पृथकीकरणको सिद्धान्तको पनि सम्मान भएको ठहर्दैन । नीतिगत निर्णयका नाउँमा भ्रष्टाचारलाई प्रश्रय दिनु सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन-२०६४ को मर्म र भावनाको पनि विपरीत हुन्छ । ऐनको प्रस्तावनामै सुशासन पाउने नेपाली नागरिकको अधिकारलाई मान्यता दिइएको छ ।

वास्तवमा भ्रष्टाचारको समूल अन्त्य र सुशासनको बहाली गहन राष्ट्रिय लक्ष्य रहँदै आएको छ । तथापि भ्रष्टाचार भने सर्वत्र व्याप्त छ । मुलुककै अन्तर्राष्ट्रिय छवि गिरेको छ । सुशासनमा ख्यातिप्राप्त संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको 'करप्सन पर्सेप्सन इन्डेक्स-२०२२' अनुसार, विश्वका १८० मुलुकमध्ये नेपाल अति भ्रष्टाचार हुनेमध्ये नै पर्छ । १०० पूर्णांकमा भुटानले ६८ अंक ल्याएर २५ औं स्थान सुरक्षित गर्दा हामी भने ३४ अंक ल्याएर ११० औं स्थानमा छौं । रुछिमेकी भारत, चीन एवं सार्कका श्रीलंका र माल्दिभ्सको स्थिति हाम्रोभन्दा राम्रो छ ।

झाँगिँदै गएको भ्रष्टाचार नेपाल र नेपालीले भोग्दै आएका कैयौं आर्थिक-सामाजिक समस्याहरूको कारक हो, समतामूलक विकास र समृद्धिको प्रमुख बाधक हो, जनसंख्याको ठूलो हिस्सालाई मर्यादापूर्वक बाँच्न नदिने तगारो पनि हो, विगतको सशस्त्र द्वन्द्व, सामाजिक आन्दोलनहरूको कारक तत्त्वसमेत हो । भ्रष्टाचारको जरा उखेली समृद्धिको ढोका खोल्छौं भन्नु दिवास्वप्न मात्रै हुन्छ र भैरहेको छ । राष्ट्रसंघका पूर्वमहासचिव वान की-मुन र पूर्व मानव अधिकार उच्चायुक्त नाभी पिलेईका अनुसार, भ्रष्टाचार मानव अधिकार र लोकतन्त्रको ठूलो चुनौती हो । यसले परोक्ष रूपमा गरिब र सीमान्तमा रहेका जनताको ज्यानै लिने उद्घोष गर्दै नाभी पिलेईले भन्छिन्– भ्रष्टाचारका कारण आर्थिक स्रोतको चोरी नहुने हो भने खाद्यमा पहुँचको अभावमा प्रत्येक दिन भोकै सुत्ने विश्वका ८७० मिलियन जनसंख्यालाई बर्सेनि ८० छाक खुवाउन पुग्छ ।

दक्षिण अफ्रिकी संवैधानिक अदालतले भ्रष्टाचारको सहनशीलता मानव अधिकार र लोकतन्त्रका लागि घातक हुने स्पष्ट पारेको छ (संवैधानिक अदालतको मुद्दा नम्बर सीसीटी २७/००, फैसला मिति २८ अक्टोबर २००२) । संगठित रूपमा हुने भ्रष्टाचार दण्डनीय अपराध हुनुका साथै मानव अधिकारको उल्लंघनसमेत भएको तथ्य भारतीय सर्वोच्च अदालतले समेत जनाएको छ (सीबीआईमार्फत स्टेट अफ महाराष्ट्र वि. बालाकृष्ण दतात्रय कुम्भारसमेत, फैसला मिति १५ अक्टोबर २०१२) ।

विधायिकी संशोधन वा न्यायिक हस्तक्षेपद्वारा खारेजी पर्खेर बसेको विवादित व्यवस्था २०४८ मा ऐन प्रारम्भ भएदेखि विद्यमान व्यवस्थाकै निरन्तरता हो । यसलाई देखाएर हालसम्म कति घटनालाई अनुसन्धानको दायरामै ल्याइएन, कति जनाले उन्मुक्ति पाए र यसले राष्ट्रलाई कति क्षति पुऱ्यायो भन्ने लेखाजोखा भएकै छैन । कसैले खोज पत्रकारिताको विषय बनाए मिडियामार्फत आम जनता सुसूचित हुन पाउँथे । तर कतिपय दृष्टान्त भने सतहमा आएका छन् । जस्तै– ललितानिवासको जग्गा प्रकरणमा यसै कानुनी प्रबन्धलाई सिरानी हालेर पूर्वप्रधानमन्त्रीहरूलाई मुद्दा नचलाउने निर्णय आयोगले गरेको तथ्य सो सम्बन्धी अभियोगपत्रमै उल्लेख छ ।

व्यक्तिगत वा समूहगत स्वार्थ रहेका सार्वजनिक खरिदजस्ता विषयमा समेत मन्त्रिपरिषद्मा पेस गरी निर्णय गर्ने गरिएको र नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या नहुँदा अप्ठेरो परेको तथ्य आयोगले स्विकार्दै आएको छ (२०७९ भदौ ५ को पत्रमा समेत) । साथै २०७५ मा आयोगले गरेको सुशासन सम्बन्धी एउटा सर्वेक्षणका सहभागीमध्ये ३० दशमलव ४ प्रतिशतले नीतिगत भ्रष्टाचारको समस्या बढेको बताएका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले भ्रष्टाचारको अन्त्यमा बाधक रहेको उक्त प्रावधान खारेज गर्न आह्वान गर्दै आएको छ (२०७९ असोज ४ गतेको पत्रमा समेत) । उसले राजनीतिक नेतृत्व तहको संलग्नतामा हुने ठूला भ्रष्टाचारहरूका मुद्दामा उन्मुक्ति दिइएकोप्रति गम्भीर सरोकार व्यक्त गर्दै आयल निगमको जग्गा खरिद प्रकरण, वाइडबडी र न्यारोबडी जहाज खरिद प्रकरण, नेपाल ट्रस्टका जग्गाहरू यती कम्पनीलाई लिजमा दिइएको प्रकरण, सेक्युरिटी प्रेस खरिद सम्बन्धमा तत्कालीन मन्त्रीको अडियो प्रकरण र स्वास्थ्य सामग्री खरिदमा ओम्नी समूहद्वारा गरिएको व्यापक अनियमितता सम्बन्धी प्रकरणसमेतको अविलम्ब अनुसन्धान गरी दण्डहीनता अन्त्य गर्न आह्वान गरेको छ (२०७७ भदौ २८ को प्रेस वक्तव्य) ।

नेपाल २३ फरवरी २०११ देखि भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि-२००३ को पक्ष हो भन्ने पनि विधेयकउपरको छलफलका सन्दर्भमा हेक्का राख्न जरुरी छ । महासन्धिले सार्वजनिक पदाधिकारीले गर्ने निर्णयलाई नीतिगत घुम्टो ओढाएर जवाफदेहीबाट उन्मुक्तिलाई छुट दिँदैन । महासन्धिको पालना संवैधानिक दायित्वको विषय हो । नेपाल सन्धि ऐन-२०४७ को दफा ९(१) बमोजिम पनि महासन्धिको विपरीत हुने कानुनी प्रबन्ध गर्न र जोगाउन मिल्दैन । महासन्धिको कार्यान्वयन गर्न सरकारले बनाएको राष्ट्रिय रणनीति तथा कार्ययोजना-२०६९ मार्फत पनि सबै भ्रष्टाचारजन्य कामकारबाही अपराध हुने कानुनी प्रबन्ध गरेर भ्रष्टाचार निवारण गर्ने वाचा गरेको देखिन्छ । दशक अगाडिको वाचा पूरा गर्न पनि विवादित कानुनको खारेजी अनिवार्य छ ।

*(साभार: ई-कान्तिपुर)*

# व्यवसाय छाड्नेहरु बढ्दै, शहरभरि सटर खालीका सूचना







काठमाडौं/सुन्धारा मलको पाँचौं तलाको ५०९ नम्बरको पसलमा सूचना टाँसिएको छ, ''सञ्चालक १ माघ २०७९ देखि सम्पर्कमा नआएको हुँदा सूचना टाँस भएको मितिले ३५ दिनभित्र सम्पर्कमा आएर पसल खाली गराइदिनुहोला ।'

२०७६ सालदेखि चलिरहेको 'नेट आर्ट स्टुडियो'का सञ्चालक सम्पर्कविहीन भएपछि कर्मचारी सञ्चय कोषसँग सुन्धारा मल ठेक्कामा लिएको दिवा सपना जेभीले वडा कार्यालयमा निवेदन दिएपछि पसल खाली गराउन यो सूचना टाँसिएको हो ।

पछिल्लो समय काठमाडौं उपत्यकामा पसल बेच्ने र पसल नै बन्द गरेर सम्पर्कविहीन हुनेहरुको संख्या बढ्दै गएको छ ।

विगतमा यस्ता पसल र सटरहरु लाखौं रुपैयाँ सलामी लिएर किनबेच हुने गर्थे भने हाल पसल किन्ने मान्छे नपाउँदा व्यवसाय छाड्नेहरुले त्यत्तिकै खाली गरेर हिँडिरहेका छन् ।

सुन्धारा मलको 'एराइभिङ फेसन वेयर'का म्यानेजर मनोज धमला पछिल्लो समय व्यवसाय गर्नेहरु निराश बनेको बताउँछन् । उनको सलको स्टकमा २ करोडको सामान थुप्रिएको छ । 'दिनभरिमा बोहनी गर्न पनि गाह्रो छ,' उनी भन्छन्,' पहिले-पहिले दिनको एक लाखसम्म व्यापार हुने ठाउँ सुनसानजस्तै छ ।'

कोरोना महामारीपछि सुस्ताएको व्यापारले अहिलेसम्म दिगो गति लिन नसकेको धमलाको भनाइ छ । 'स्थानका हिसाबले अन्त ग्राहक नहुँदा पनि यहाँ केही न केही व्यापार हुन्छ, तर पछिल्लो समयमा जुन आर्थिक मन्दी देखिएको छ, त्यसले पसलहरुमा व्यपार सुक्यो', उनी भन्छन्, 'युवाहरु धेरैजसो विदेश गाएका छन्, यहाँ रहनेहरुसँग आम्दानी कम छ, महंगीले आकाश छोएको छ, ग्राहक रहे न व्यापार रहन्छ ।'

अहिले सुन्धारा मलमै पनि धेरै कवलहरू खाली छन् । सौन्दर्य सम्बद्ध सेवाका लागि जाने ग्राहक केही संख्यामा छन्, तर लत्ता कपडा, जुत्ता, कस्मेटिकलगायतका पसलहरुमा ग्राहक न्यून छन् ।

गल्कोपाखाबाट हालै कपडा पसल बेचेका संगम विष्ट गोंगबु चोकदेखि ठमेलचोकम्म आइपुग्दाको बाटोमा कयौं सटर खाली भएको बताउँछन् । 'अहिले व्यापार गरेर बसेकाहरु पनि टिक्न सकिन्छ कि भनेर मात्रै बसेका हुनु', उनी भन्छन्, 'दिनभर झिंगा धपाएर बस्नु परेपछि के खाने ?' त्यसैले उनी अब दुबई जाने प्रक्रियामा लागेका छन् । बेच्न खोज्दा नबिकेपछि भाडा तिरिरहनुभन्दा सामान निकालेर पसल छोड्नेहरु बढेका छन् ।

कपुरधारामा दुई महिना अघि एक डेरी पसल किनेकी सञ्जिता आलेलाई अहिले रुनु न हाँस्नु भएको छ । 'श्रीमानसँगै जापान जान पऱ्यो, चलिरहेको पसल हो, सस्तोमा दिन्छु भनेकाले किनिहालें', उनले भनिन्, 'पहिला त राम्रै चल्थ्यो रे । अहिले त मान्छेले दूध दहीमा पनि कम खर्च गर्न थालेछन् जस्तो छ ।' कतिपय क्षेत्रमा रोडसाइडमा हुने पार्किङ हटाइएका कारण ग्राहक आउनै नपाएर पनि व्यवसाय सुकेको व्यवसायीहरूको गुनासो छ। अनलाइन सपिङको बढ्दो ट्रेन्डले केही हदसम्म यस्तो अवस्था बनाउन भूमिका खेलेको हुनसक्ने व्यापारीहरू बताउँछन् ।

**दरबारमार्गमा पनि खाली**

नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष कुमार कार्कीका अनुसार कुनै समय काठमाडौंको चक्रपथभित्र भाडाका खाली पसल-कबल भेटिनु असम्भव: प्राय: थियो । तर, अहिले सटर कबलमा फोन नम्बर सहित 'टु-लेट' र 'भाडामा' लेखेका बोर्डहरु प्रशस्तै देखिन्छन् ।

भाडाका भवन र खाली स्पेसहरु पाउन काठमाडौंकै सबैभन्दा कठिन भनेर चिनिने दरबारमार्गकै भवनहरुमा 'टु-लेट'का बोर्ड देखिन थालेका छन् । अहिले दरबारमार्ग नजिकै जमलमा बनेको विश्वज्योति मलको अधिकतम् भाग खाली छन् ।

झट्ट हेर्दा भव्य देखिने व्यापारिक मलहरू सुनसान छन् । पैतालाले भरिने मलका विद्युतीय भर्याङहरु धुलाम्य छन् ।

खुलेका पसलअघि ठडाइएका डमीहरु पनि मलमा खाली भइरहेका सटरका साक्षी जस्तो मात्रै बनेका छन् । ग्राहक नपाएपछि तिनै डमीहरू कपडाहरू फेरिनबाट वञ्चित बनेका छन् ।

ललितपुरको लबिम मल, सुन्धाराको सिभिल मल, सीटीसी मलदेखि काठमाडौंका ठूला भनिएका मलहरुमा पनि खाली सटरहरु देखिन थालेको छ । यस्ता मलमा किनमेल गर्न जाने मान्छे घटेका छन् ।

भवन तयार नहुँदै कवलको भाडा अग्रिम भुक्तानी गरेर बुकिङ लिने विगतको जस्तो अवस्था पनि अहिले छैन । नयाँ बानेश्वरको अल्फाबिटा भवनसँगै बनेको ठूलो व्यवसायिक भवनले एक महिनाभन्दा अघिदेखि 'टु-लेट'को बोर्ड लगाउँदा पनि अहिलेसम्म पसल, व्यवसाय तथा कार्यालयहरुलाई भित्र्याउन सकेको छैन । यसले पनि बजारमा नयाँ काम गर्न चाहनेहरु पनि हात खोल्न नसकिरहेको देखाउँछ । अहिले व्यस्त बानेश्वर चोक आसपासकै क्षेत्रमा थुप्रै 'भाडा'का सूचना बोर्डहरु देखिन्छन् । अझ बिडम्बना के छ भने लामो समयदेखि त्यस्ता भवनका खाली भाग र कमलहरु भाडामा लिनेहरु आएका छैनन् ।

**समस्यामा साना व्यापारी**

बानेश्वर व्यापार संघका अध्यक्ष नवीन लुइँटेल बानेश्वर क्षेत्रमा २५/३० प्रतिशत सटर भाडा वा बिक्रीमा रहेको बताउँछन् । पसल चलाइरहेका अधिकांश व्यवसायी राम्रो मूल्य आए पसल छाड्ने मनसाय बनाइरहेको उनले बताए ।

'पहिला आम्दानी राम्रै हुने भएर नै महिनाको ५०/६० हजार देखि एक लाखसम्म भाडा तिर्न समस्या थिएन, अहिले विश्व बजारमा देखिएको मन्दीको असर र ग्राहकको अभावले व्यापार ठप्पप्राय: भएपछि भाडा तिर्न नै सकस भयो', उनले भने, 'बैंकबाट ऋण पाइन्न, गजर्ने टरिदिने सहकारीहरु आफैं समस्यामा छन्, यस्तो बला पसमा बोहनी नै नहुने भएपछि कसरी टिक्ने ?' उनी न्यूरोडको मूल सडक क्षेत्रमै पनि भाडाका सूचनाहरु टाँसिन थालेको देखेपछि व्यवसायीहरु अत्तालिएको बताउँछन् ।

बानेश्वर क्षेत्र पर्ने काठमाडौं महानगरपालिका-१० का अध्यक्ष रामकुमार केसी पछिल्ला दिनमा पसल छाडेर हिँडेपछि सम्पर्कमा नआउने कारणले पसल खाली गराइदिन धेरै निवेदन आउन थालेको बताउँछन् । 'भाडा नतिरी मान्छे सम्पर्कविहीन भएपछि सटर खाली गराइदिन भन्दै आउने घर धनीको संख्या बढेको छ', उनले भने ।

ललितपुरको व्यस्त मंगलबजारको अवस्था पनि फरक छैन । स्थानीय व्यवसायी भीम राजथलाका अनुसार मंगलबजारमा पहिले १५ लाख रुपैयाँ सलामी दिंदा पनि नबिकेका पसलहरु अहिले ५ लाख सलामीमै छोड्न तयार हुँदा पनि किन्नेहरु आएका छैनन् । 'बिक्री भएका पसलका मान्छे कता गए थाहा छैन, पसल किन्नेहरु व्यापार नभएको देखेर थक-थक मान्दैछन्', उनले भने, 'कोभिडको महामारीमा पनि व्यापार यतिविधि डामाडोल भएको थिएन ।'

ऋणमा रहेका, अतिरिक्त आम्दानीका स्रोत नभएका र पसलबाटै चालु पुँजी र घर खर्च धान्नेहरु अहिले दिन कटाउन र व्यवसाय टिकाउन मात्रै पसलमा बसिरहेको उनको भनाइ छ । 'व्यापार ओरालो लागेका बेला बाटो खनेर बेहाल छाडिएको छ', उनी भन्छन्, 'ललितपुरका नयाँ बस्तीहरुको भित्र पनि बजार विस्तार भएर यस्तो भयो कि ? जे भएपनि एकै वर्षमा यतिविधि ब्यापार घट्न त नपर्ने हो ।'

अहिले काठमाडौंका पुराना र विस्तारित बजार जताततै उस्तै निराशाको अवस्था छ । यसले गर्दा व्यवसायबाटै पलायन हुनेहरु बढ्दैछन् । बानेश्वर व्यापार संघका अध्यक्ष लुइँटेल पसल चलाउन छाडेर विदेश जाने क्रम बढ्न थालेकाले सरकारले साना व्यवसायीहरुको संरक्षणका लागि सोच्नैपर्ने अवस्था आएको बताउँछन् । 'साना स्वरोजगार व्यवसायीहरुलाई परेको मर्कालाई ध्यानमा राखेर नीतिहरु बन्नुपर्छ', उनले भने, 'अहिले त सबैले देखिने गरी समस्या उजागर भएको छ, व्यापार व्यवसायमा देखिएको समस्याले सरकारलाई पनि छुनुपर्छ ।'

सरकार भने चालु आर्थिक वर्ष २०७९/८०मा उद्योग क्षेत्रमा देखिएको शिथिलताको असर व्यापार व्यवसायसम्म आइपुगेको अनुमान गरि रहेको छ । यो वर्षको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा उद्योग क्षेत्रले ५.३२ प्रतिशत मात्रै योगदान दिने प्रक्षेपण राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ ।

वनस्पति, तोरी, सोयबिन तथा सूर्यमुखी तेलको उत्पादनका साथै फलाम तथा स्टिलजन्य उत्पादनमा आएको कमीको कारणले उद्योग क्षेत्रमा गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्षमा कूल मूल्य अभिवृद्धि वृद्धिदर २.०४ प्रतिशतले ऋणात्मक हुने प्रारम्भिक अनुमान छ ।

तथ्यांक कार्यालयका अनुसार आयात तथा आन्तरिक औद्योगिक उत्पादनहरुमा आएको गिरावटले थोक तथा खुद्रा व्यापारको वृद्धिदर पनि ऋणात्मक हुँदैछ । थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवाले यो वर्ष जीडीपीमा १५.३९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान छ ।

थोक तथा खुद्रा व्यापारको क्षेत्रमा आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष मा कुल मूल्य अभिवृद्धि २.९६ प्रतिशतले ऋणात्मक वृद्धि हुने प्रारम्भिक अनुमान छ ।

नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष कुमार कार्की सरकारले व्यवसायीहरुलाई बचाउने गरी नीतिहरु नल्याएर व्यापार-व्यवसाय झन् ओरालो बाटोमा जाने र त्यसले सरकारलाई नै राजस्वमा दबाब पर्ने बताउँछन् । चर्को ब्याजदरका कारण धक्का खाएका व्यापारीमाथि उच्च दरको भन्सार मूल्यांकन र सामानको महँगीले समस्यामा पारेको उनको भनाइ छ ।

'बजारमा पैसा छैन, उधारो उठ्दैन, व्यापार पनि सुकेको छ', उनी भन्छन्, 'भाडा तिर्न समेत नसक्ने अवस्था छ, यस्तो बेला ऋणमा डुबेका व्यापारीले तनाव झेलिर हनुभन्दा पसल छाड्नु उचित हुने ठानेका छन् ।'

नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ अर्थतन्त्रमा देखिएको समस्याका कारण नै बजारमा व्यापार-व्यवसायहरु बन्द नै भइरहेको बताउँछन् । साना व्यापारीदेखि ठूला उद्योगीसम्म अहिलेको अर्थतन्त्रमा रहेका अनेक समस्याले पिरोलिएको भन्दै श्रेष्ठले अब पनि नकारात्मक कुरा मात्रै देखाएर बस्ने अवस्था नभएको बताए । 'उद्योगी-व्यापारीका समस्या त दिनचर्या भइसक्यो । अब समस्याको मात्रै कुरा गरेर हुँदैन', श्रेष्ठ भन्छन्, 'समाधानतिर पनि जानुपर्छ, सरकारले जे-जे गर्दा उद्योग-व्यापार व्यवसाय पुनर्उत्थान हुन्छ, त्यही काम फटाफटी गर्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# कल्यान्टार उपभोक्ता समिति खानेपानी बोर्डमा गाभियो

साझाकुरा संवाददाता




हेटौंडा, २६ बैशाख/ हेटौंडा उपमहानगरपालिका-६, स्थित कल्यान्टार खड्कुले खानेपानी उपभोक्ता समिति हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा गाभिएको छ ।

हेटौंडा उपमहानगरकी प्रमुख मीनाकुमारी लामाको उपस्थितिमा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टलाई खानेपानी उपभोक्ता समितिका अध्यक्ष विश्वराज राईले खानेपानी समितिको सम्पूर्ण कागजपत्र हस्तान्तरण गरेका थिए । हस्तान्तरण कार्यक्रममा हेटौंडा-६ का वडाध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य विजय पौडेल, लेखराज ढकाल, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, निवर्तमान वडाध्यक्ष अर्जुनप्रसाद चौलागाई, खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक विष्णुप्रसाद सापकोटा, बोर्ड सदस्य कृष्ण धिताल, इन्द्र नेपाललगायतको उपस्थिति थियो ।

उपमहानगरपालिकाको १९ वडामध्ये हाल १६ वटा वडाहरुमा खानेपानीको सेवा विस्तार गरेको र १९ वटै वडाहरुमा सेवा विस्तार गर्ने लक्ष्य रहेको कार्यकारी निर्देशक सापकोटाले बताए । २३ हजार ३ सय सेवाग्राही रहेको बोर्डले दैनिक १ करोड ९० लाख लिटर पानी वितरण गरिरहेको अध्यक्ष प्रताप बिष्टले बताए । कल्याणटार खड्कुले खानेपानी उपभोक्ता समितिमा १ सय ४ जना सदस्य रहेको र हाल समितिमा ८० घरधुरी क्रियाशील रहेको उपभोक्ता समितिले जनाएको छ ।

# वनका सदस्यलाई लेखा तथा अभिलेख व्यवस्थापन तालिम

साझाकुरा संवाददाता



हेटौंडा, २६ बैशाख/ राक्सिराङका विभिन्न सामुदायिक वन उपभोक्ता समुहका सदस्यलाई एक दिवशीय लेखा तथा अभिलेख व्यवस्थापन र माइन्युट लेखन सम्बन्धी तालिम दिइएको छ ।

सब डिभिजन वन कार्यालय राक्सिराङले समुहका सदस्यहरुको क्षमता अभिवृद्धि गराउने र समुहलाई व्यवस्थित र सक्रिय बनाउने उद्देश्यले तालिमको आयोजना गरेको छ । डिभिजन वन कायालय राप्तीको तालिम केन्द्रमा आयोजित कार्यक्रममा राक्सिराङका विभिन्न समुहका पदाधिकारी तथा सदस्यहरु सहभागी थिए । तालिममा सहायक वन अधिकृत दिनेश सत्यालले व्यवस्थित लेखा तथा अभिलेख व्यवस्थापन र माइन्युट लेखनका बिषयमा सहजीकरण गरेका थिए ।

सत्यालले समुहको आर्थिक विषय निकै महत्वपूर्ण भएकाले व्यवस्थित रुपमा लेखा अभिलेख राख्न आवश्यक रहेको बताए । राक्सिराङका सामुदायिक वनहरुमा व्यवस्थित लेखा तथा अभिलेख व्यवस्थापनमा समस्या हुने गरेकाले तालिम उपयोगी र फलदायी रहने उनको भनाई छ । सब डिभिजन वन कार्यालयअन्तर्गत राक्सिराङमा हाल ३६ वटा सामुदायिक वन उपभोक्ता समुहहरु छन ।

# एकैपटक ४४ सहसचिवको सरूवा




काठमाडौं/सरकारले एकै पटक ४४ जना सहसचिवको सरूवा गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले ४४ जना सहसचिवको सरूवा गर्ने निर्णय गरेको हो ।

सरूवा हुनेमा भर्खरै नियुक्त भएका देखि पुराना सहसचिव रहेको संघीय मामिला मन्त्रालयले जनाएको छ । संघीय मामिला तथा सामान्रुय प्रशासनमा कार्यररत अर्जुन भण्डारीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सरूवा गरिएको छ भने भरत खनाललाई सुदूरपश्चिम प्रदेश प्रमुखको कार्यालयमा सरूवा गरिएको छ ।

यस्तै संघीय मामिला तथा सामान्य प्रशासनमै कार्यरत सहसचिव कृष्णप्रसाद धितालालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सरूवा गरिएको छ ।

यस्तै कोशी प्रदेशको मुख्रुयमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा कार्यरत प्रदेश सचिव ज्ञानेन्द्र प्रासद ढकाललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा तानिएको छ ।

यस्तै कोशी प्रदेशको मुख्रुयमन्त्री कार्यालयमा कार्यरत अर्का प्रदेश सचिव सुरेश न्यौपानेलाई कोशी प्रदेशकै नीति तथा योजना आयोगमा सरूवा गरिएको छ ।

# त्रिविले किन रोक्यो सम्बन्धनको आवेदन ?



काठमाडौं/त्रिभुवन विश्व विद्यालयले केही शैक्षिक कार्यक्रमको सम्बन्धनका लागि क्याम्पसहरुबाट खुला गरेको आवेदन स्थगित गरेको छ । विश्वविद्यालयले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए) प्राप्त गरेका क्याम्पसबाट सम्बन्धन माग गरेकामा क्यूएए नपाएका क्याम्पसहरुले विरोध जनाएपछि सम्बन्धनका लागि आवेदन नै स्थगित गरेको हो ।

उपकुलपति कार्यालयको योजना निर्देशनालयले गत वैशाख ६ गते गोरखापत्रमा सूचना जारी गर्दै विज्ञान संकायको बीएस्सी सीएसआईटी र बीआईटी, व्यवस्थापन संकायको बीबीए, बीबीएम, बीआईएम, बीटीटीएम र बीएचएम, मानविकी तथा सामाजिकशास्त्र संकायका लागि बीसीए र बीएसडब्लु कार्यक्रमको सम्बन्धनका लागि आवेदन माग गरेको थियो ।

सूचना जारी भएपछि केही निजी कलेजहरुले त्रिविको मापदण्ड गलत भएको भन्दै विरोध जनाएका थिए । त्यस क्रममा गत वैशाख १९ गते क्यूएए प्राप्त नगरेका निजी कलेजका सञ्चालक तथा व्यवस्थापकले रजिष्टारको कार्यकक्षमा प्रवेश गरी रजिष्टार र कर्मचारीमाथि अभद्र व्यवहार गरेको त्रिविले जनाएको छ ।

त्यसपछि रजिस्ट्रारको कार्यालयले सूचना जारी गरी सम्बन्धनका लागि आवेदन दिन सकिने योग्यता तथा मापदण्डमा पुनर्विचार गरिदिन अनुरोध भई आएकाले योग्यता र मापदण्ड तोक्न समिति गठन गरिएको बताएको छ । त्रिवि कार्यकारी परिष्दले २२ वैशाखमा समितिको राय सुझाव प्राप्त भएपछि मात्र प्रक्रिया अगाडि बढाउने निर्णय गरेको पनि सूचनामा उल्लेख छ ।

त्रिविका शिक्षाध्यक्ष प्राध्यापक शिवराज भुसालले निश्चित मापदण्ड पुगेका क्याम्पसहरुलाई थप शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरेको भएपनि क्याम्पसहरुबीचको असमझदारीको कारण स्थगित गरिएको बताए ।

उनले भने, 'हामीले क्यूएए प्राप्त भनेर मापदण्ड तोकेका छौं । त्यो नपुगेका साथीहरुले विरोध गर्नुभएको छ । निजी तथा सामुदायिकका साथीहरु छलफल गर्नुहोस् त्यसपछि गरौंला भनेर स्थगित गरिएको हो ।'

निजी र सामुदायिक कलेजलाई आपसमा छलफल गरेर निष्कर्ष दिन समय दिइएको उनले बताए । क्यूएए पाएका क्याम्पसहरुले त्रिविको मापदण्ड स्वीकार गरेको र क्यूएए नपाएकाहरुले सबैलाई दिनुपर्छ भनेकाले विवाद भएको शिक्षाध्यक्ष भुसालको भनाइ छ । 'तपाईंहरु आपसमा छलफल गरेर आउनुहोस् यो पटक क्यूएएलाई दिनुहोस् अर्को वर्ष पनि खोल्नुहोस् भन्यो भने त्यो अनुसार हुन्छ, सबैलाई दिनुहोस् भन्यो भने सकिन्न ।'

तर निजी कलेजको गुन्डागर्दीका कारण त्रिविले आवेदन नै बन्द गर्नु गलत भएको एक प्राध्यापक बताउँछन् । उनी भन्छन् 'त्रिविले यो विषयमा कडाइ नगर्ने हो अथवा उनीहरुको दबावमा क्यूएए प्राप्त नगरेका क्याम्पसलाई पनि शैक्षिक कार्यक्रम थप गर्न दिने हो भने शैक्षिक गुणस्तर घट्नुका साथै क्याम्पसहरुले विद्यार्थी नपाउने समस्या झन विकराल बन्छ ।'

त्रिवि केन्द्रीय क्याम्पसको स्ववियुले भने थप कार्यक्रम स्वीकृतिको लागि खोलेको आवेदनमाथि नै विरोध गरिरहेको छ । अध्यक्ष श्यामराज ओझाले भने 'पहिला विश्वविद्यालय आफू सुनि जरुरी छ । आजसम्म भएको शैक्षिक कार्यक्रमको गुणस्तर, उत्पादन भएका जनशक्तिको खपत अनुगमन, परीक्षा, नतिजा प्रकाशनमा हुने लापरबाही अन्त्य नभएसम्म थप कायक्रम दिनुहुँदैन ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# फित्कौलीद्वारा हास्यव्यङ्ग्यका चारवटा पुरस्कार स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ हास्यव्यङ्ग्य प्रधान अन्लाइन पत्रिका सञ्चालन र हास्यव्यङ्ग्यीय कार्यक्रम गर्दै आएको फित्कौली अनलाइन मिडियाले आफ्नो वार्षिकोत्सवको अवसरमा गत गतवर्ष स्थापना गरेको फित्कौली अक्षयकोषमार्फत् आगामी वर्षदेखि चार वटा पुरस्कार प्रदान गर्ने भएको छ । फित्कौली अनलाइन मिडियाद्वारा जारी विज्ञप्ति अनुसार हरेक वर्ष हास्यव्यङ्ग्य साहित्य र कलाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउँदै आएका व्यक्तित्व मध्ये एकजनालाई वा हास्यव्यङ्ग्यको प्रवर्धनमा क्रियाशील संस्थालाई नगद रु. २०,००० सहित 'फित्कौलीको राष्ट्रिय खित्कौली सम्मान' प्रदान गरिने छ ।

त्यसैगरी वर्षभरिमा फित्कौली डटकममा प्रविष्ट भएका मुक्तक, हाइकु, कविता, काव्यांशमध्ये उत्कृष्ठ १ रचनाका लेखकलाई 'फित्कौली हास्यव्यङ्ग्य कविता/काव्य पुरस्कार' प्रदान गरिने छ । फित्कौली डटकममा प्रविष्ट भएका निबन्ध, नाटक, समीक्षामध्ये उत्कृष्ठ १ रचनाका लेखकलाई 'फित्कौली हास्यव्यङ्ग्य निबन्ध/नाटक/समालोचना पुरस्कार' प्रदान गरिने भएको छ । त्यस्तै, वर्षभरिमा फित्कौली डटकममा प्रविष्ट भएका वा अन्य पत्रपत्रिकामा प्रकाशित बुद्ध्यौली सम्बन्धी लेखरचना वा कृतिमध्ये उत्कृष्ठ रचना वा कृतिका सर्जकलाई 'फित्कौली बुद्ध्यौली साहित्य पुरस्कार' प्रदान गरिने कुरा विज्ञप्तिमा जनाइएको छ ।

यसरी सम्मानित र पुरस्कृत स्रष्टालाई फित्कौलीको लोगो अङ्कित सम्मानपत्र र नगद पुरस्कार प्रदान गरिने छ । 'फित्कौलीको खित्कौली सम्मान' बाहेक अरु पुरस्कारको रकम १५/१५ हजार रहेको छ । फित्कौली अनलाइन मिडियाले गत माघ १४ गते आयोजन गरेको फित्कौली खित्कौली सभामा नरनाथ लुइँटेलद्वारा आफूले प्राप्त गरेका पुरस्कार बापत प्राप्त रकम (भैरव पुरस्कार-(२०७८) को रु १,११,१११, हेटौंडाको भैरव स्मृति सम्मानको रु.२३,००० र विरसा हास्यलेखन पुरस्कार (२०५१) को रु ५००० समेत हुन आउने १,३९,१११ रुपैयाँमा १०,८८९ रुपैया थप गरी जम्मा १,५०,००० रुपैयाँ) अक्षय कोषमा प्रदान गरी अक्षय कोष स्थापनाको सुरुवात गरिएको थियो ।

घोषित र स्थापित यस अक्षय कोषमा सोही दिन डा. मुकेशकुमार चालिसेद्वारा रु. १,५०००० /-, चट्याङ मास्टरद्वारा रु. १,००००० /-, एलआरआइ स्कूलद्वारा रु १,०००००।-, विश्व शाक्यद्वारा रु.३३,३३३/३३, सिस्नुपानी नेपालद्वारा रु. २५,०००, र ठाकुर प्रसाद अधिकारीद्वारा रु २०,०००/- र तीर्थराज अधिकारीले रु २०,०००।( प्रदान गरी कोषमा हस्तान्तरण गरिएको थियो । अक्षय कोष स्थापना नेपाली हास्यव्यङ्ग्यको सम्बर्धन र समृद्धिको फित्कौली अभियान हो भन्दै फित्कौलीका शुभचिन्तक एवम हास्यव्यङ्ग्यप्रेमी जो कोही पनि यो कोषवृद्धिमा सहभागी भई फित्कौली अभियानमा जोडिन सक्ने कुरा विज्ञप्तिमा जनाइएको छ ।

फित्कौली अनलाइन मिडयाले पुरस्कार र सम्मान सम्बन्धी अवधारणा समावेश भएको कार्यविधि समेत निर्माण गरी कार्यान्वन गरेको छ । 'नेपाली हास्यव्यङ्ग्य लेखनमा सकृय रहेका अघिल्ला पुस्ताका स्रष्टालाई सम्मान एवम् नवागत स्रष्टालाई प्रोत्साहित गर्ने फित्कौलीको घोषित उद्धेश्य रहेको हुँदा यस कोषको मूलधन खर्च नगरी प्राप्त हुने व्याजबाट कीर्तिशेष हास्यव्यङ्ग्य स्रष्टाको जन्म वा स्मृति दिवसको अवसरमा विशेष समारोहको आयोजना गरी सम्मान एवम् पुरस्कार प्रदान गर्ने' कुरा कार्यविधिमा उल्लेख गरिएको छ । कार्यविधिमा पुरस्कार तथा सम्मानका लागि छनोट प्रक्रिया उल्लेख गर्दै हास्यव्यङ्ग्यका क्षेत्रमा सुपरिचित व्यक्तित्वको संयोजकत्वमा फित्कौली सम्बद्ध वा फित्कौलीले इच्छाएको व्यक्ति समेत रहने गरी ३ सदस्यीय छनोट समिति चयन गरिने, समितिले आवश्यक शोध-अनुसन्धान समेत गरी सम्मान र पुरस्कारका लागि सिफारिसको व्यवस्था गरिएको छ ।

कोष परिचालन वा व्यस्थापनका सम्बन्धमा कार्यविधिमा फित्कौलीको यो अक्षयकोषमा स्वेच्छाले जति रकम पनि प्रदान गरेर कोषदाता बन्न सकिने, अक्षयकोषमा रु. १ लाखभन्दा बढी रकमले सहभागी हुने कोषदातालाई फित्कौलीद्वारा प्रदान गरिने पुरस्कारको नाममा दाताले इच्छाएको व्यक्तिको नाम जोड्ने अवसर प्रदान गरिने समेत उल्लेख छ । अक्षयकोषमा रकम वृद्धि हुँदै गएको स्थितिमा पुरस्कार रकममा पनि क्रमश: वृद्धि गर्दै लगिने वा थप विधागत अवधारणा सहित नयाँ पुरस्कारको व्यवस्था गरिने पनि फित्कौली अनलाइन मिडियाले विज्ञप्तिमा जनाएको छ । यी चारवटै पुरस्कार आगामी ०८० भदौभित्रैमा छनोट गरी प्रदान गरिने भएको छ ।

## वंशगोपाल माविको अभिभावक भेला

हेटौंडा, २६ बैशाख/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर २ कुर्लेमा रहेको वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को ३८ औं वार्षिक अभिभावक भेला भएको छ ।

विद्यालय व्यवस्थापक समितिका अध्यक्ष रामप्रसाद पुडासैनीको सभाध्यक्षता तथा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यतामा भेला भएको हो । भेलामा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको विशिष्ट आतिथ्यता रहेको थियो । भेलामा पहिलो चरणमा विद्यालय व्यवस्थापन समितिका लागि चार जना नयाँ सदस्य चयन गरिएको छ । जसमा जीतबहादुर लो, सुवलसिं डिम्डुङ, संजीता घलान र रचना दर्लामी मगर चयन भएका छन् । भेलामा विद्यालयलाई जग्गा दान गर्ने प्रेमकुमारी घिमिरे, पूर्वकर्मचारी टीकाराम स्याङ्तानलाई सम्मान गरिएको थियो ।

बालकक्षादेखि ९ कक्षा सम्मका प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिनुका साथै शिक्षकलाई समेत सम्मान गरिएको थियो । भेलामा आव २०७८/७९ को आयव्यय विवरण पारित गरिनुका साथै आव २०७९/८० को आन्तरिक लेखा परीक्षण अनुमोदन गरिएको विद्यालयका प्रध्यानाध्यापक सन्देश तुम्सिङ मगरले बताए । उनले भेलामा आव २०८०/८१ को अनुमानित आयव्यय विवरण पेशगरिएको बताएका छन् ।

भेलामा वडा नम्बर २ का वडाअध्यक्ष बखानसिं पाख्रिन, वडा १ का अध्यक्ष आइतसिं लो, गाउँपालिका शिक्षा शाखा प्रमुख रामबहादुर घलान, वडा २ का वडासदस्य रामप्रसाद चौरेल, कार्यपालिका सदस्य पातलीमाया गोले, चण्डिका माविका अध्यक्ष राजकुमार गोलेलगायत विभिन्न संघसंस्थाका प्रतिनिधि, विद्यालयका पूर्वअध्यक्षहरु, टोल विकासका अध्यक्षहरुको आतिथ्यता रहेको थियो ।

# बालसंरक्षणबारे मन्त्रालय र उपमहानगरलाई ध्यानाकर्षण

साझाकुरा संवाददाता



हेटौंडा, २६ बैशाख/ अनलाईनमा बालबालिकामाथि हुन सक्ने दुर्व्यवहारको रोकथाम र न्यूनीकरण गर्न बागमती प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकालाई ध्यानाकर्षण गराइएको छ ।

सिविन नेपालको आयोजनमा अनलाइनमा बालसंरक्षण विषयमा प्रदेशस्तरीय कार्याशाला गोष्ठीमा सहभागीहरुले अनलाईनमा बालसंरक्षण सवालबारे सरोकारवाला निकायहरुलाई ध्यानाकर्षण गराउने उद्देश्यले ११ बुँदे अनुरोध पत्र तयार पारेका थिए । अनुरोधपत्र प्रदेशको सामाजिक विकास मन्त्रालय र हेटौंडा उपमहानगरपालिकालाई दिइएको छ । सिविन बाल हेल्पलाइनले सामाजिक विकासमन्त्री कुमारी मोक्तान र उपमहानगर प्रमुख मीनाकुमारी लामालाई अनुरोधपत्र बुझाइएको छ ।

कार्यक्रममा सिविन काठमाडौंका परियोजना व्यवस्थापक माधव लोहनीले सहजीकरण गरेका थिए । मन्त्री मोक्तान तथा नगरप्रमुख लामाले आगामी आवमा उक्त सुझावलाइ समावेश गर्ने प्रतिबद्धता गरेका छन् । अनुरोधपत्र मकवानपुर जिल्लाको १० वटै स्थानीय तहहरुमा प्रदान गरिने सिविन बालहेल्पलाइन मकवानपुरका प्रबन्धक झविन्द्र ज्ञवालीले जानकारी दिए । इन्टरनेट अनलाइनमा बालबालिकाको संरक्षणसम्बन्धी मुद्दा हेर्ने निकाय प्रदेश तहमा पनि विस्तार गरी यसको कार्यसम्पादनलाई व्यापक बनाउनु पर्नेमा जोड दिइएको छ ।

अनुरोधपत्रमा अनलाईन बालसंरक्षणको विषयवस्तुलाई संघसंस्था तथा सरोकारवालाहरुले आफ्ना हरेक कार्यक्रम सञ्चालन गरिने छ । बालसंरक्षण नीतिमा अनलाइन बालसंरक्षणको सवाल अनिवार्य रुपमा समावेश हुनुपर्ने, तीनै तहको सरकारले वार्षिक बजेट तथा योजना निर्माणमा अनलाइनमा बालसंरक्षण, सकारात्मक अभिभावक शिक्षा सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनुपर्ने, संसदमा विचाराधीन रहेको सूचनाप्रविधि विधेयकलाई छलफलमा ल्याई अनलाइनमा बालसंरक्षणसम्बन्धी व्यवस्था समावेश गरी संसदबाट तुरुन्त पास गरिनुपर्ने माग राखिएको छ ।

यसैगरी, प्रत्येक स्थानीय तहका बालकल्याण अधिकारीलाई अनलाइनबाट हुने दुर्व्यवहारको बारेमा क्षमता अभिवृद्धि गरी सचेतना तथा कानूनी प्रक्रियामा अभियान चलाउनुका साथै बालकल्याण अधिकारीलाई तत् सम्बन्धी सूचना स्रोतव्यक्तिको रुपमा व्यवस्थापन गर्नुपर्ने, इन्टरनेट सेवा प्रदायकहरुको समन्वयमा अनलाइन शिक्षा र संरक्षणसम्बन्धी कार्यक्रम अभियानकै रुपमा लैजान अनुरोध गर्ने, नेपाल प्रहरीद्वारा सञ्चालित समुदाय प्रहरी साझेदारी कार्यक्रममा अनलाइनमा बालसंरक्षण विषयलाई समावेश गरिनुपर्ने, अनलाइनमार्फत् हुने अपराधबाट बच्न विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप र पाठ्यक्रममा समावेश गराउन शैक्षिक नीतिमा स्पष्ट पारिनुपर्ने अनुरोधपत्रमा उल्लेख छ ।

## कुलोमा डुबेर शिशुको निधन

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ मकवानपुरको मनहरी गाउँपालिका वार्ड नं. ५ मा घर नजिकैको कुलोमा डुबेर एक शिशुको मृत्यु भएको छ । मृत्यु हुनेमा मनहरी गाउँपालिका वडा नं.५ दरदरा बस्ने कल्पना थिङकी एक वर्षीया छोरी सरिना डिमडुङ रहेकी छन् । जिल्ला प्रहरी कार्यालय, मकवानपुरका अनुसार मंगलबार आफ्नै घरको नजिकै रहेको कुलोमा खेल्ने क्रममा पानीमा डुब्दा बालिका वेहोस अवस्थामा फेला परेकी थिइन् । कुलोमा खेल्ने क्रममा करिब १ किमि बगाएको अवस्थामा फेला परेको स्थानीयले बताएका छन् । तत्कालै उपचारको लागि हेटौंडा अस्पताल ल्याएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । शिशुको शव हेटौंडा अस्पतालमै रहेको प्रहरीले जनाएको छ ।

## थाहामा ५० घरधुरीलाई सुधारिएको चुलो नि:शुल्क

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ थाहा नगरपालिका वडा नम्बर ४ र ५ का ५० घरधुरीलाई सुधारिएको चुलो नि:शुल्क वितरण गरिएको छ ।

थाहा नगरपालिकाको समन्वयमा नेपाल सरकार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र च्वाइस नेपालको सहकार्यमा मंगलबा थाहा नगरको दामन सीमभञ्ज्याङ क्षेत्रका ५० घर धुरीमा सुधारिएको चुलो बितरण गरिएको हो ।

थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्ट र वडा नम्बर ४ का अध्यक्ष नारायण लामाले स्थानीरुलाई चुलो हस्तान्तरण गरेका हुन् । चुलो हस्तान्तरण गर्दै थाहा नगरप्रमुख विष्टले मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पार्ने र इन्धनको समेत बचत गराउने सुधारिएको चुलो वितरण कार्यक्रमलाई नगरपालिका भर विस्तार गर्न च्वाईस नेपाललाई आग्रह गरेका छन् ।

सुधारिएको चुलो वितरण गर्न सहयोग गरेकोमा च्वाईस नेपाललाई धन्यवाद ज्ञापन गर्दै वडाका बाँकी घरघुरीहरुमा पनि सुधारिएको चुलो वितरणका लागि सहयोग गर्न थाहा नगरपाकि वडा नम्बर ४ का अध्यक्ष नारायण लामाले च्वाईस नेपाललाई अनुरोध गरे ।

नेपाल सरकार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको ३३ प्रतिशत अनुदानमा उपलब्ध हुने चुलोको लागि बाँकी रकम थाहा नगरपालिकाको विकास साझेदारको रुपमा क्रियाशील संस्था च्वाइस नेपालको वातावरण सुधार कार्यक्रमअन्तर्गत लगानी रहेको च्वाइस नेपालका ग्रामीण विकासविज्ञ प्रताप घिमिरेले बताए ।

नेपालको १५०० मिटर भन्दामाथि बसोबास गर्ने परिवारलाई विभिन्न संघ संस्थासँगको सहकार्यमा नेपाल सरकार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले ३३ प्रतिशत अनुदानमा करिव १२ हजार मूल्य बराबरको सुधारिएको चुलो वितरण गर्दै आएको छ । दाउरा कम खपत हुने, धुँवा धुलो रहित चुलो नि:शुल्क प्राप्त भएकोमा थाहा ४ का सीताराम लामाले थाहा नगरपालिका र च्वाईस नेपाललाई धन्यवाद दिए ।

## प्रदेशका १ सय १९ तहमा स्वयंसेवक खटिए

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ बागमती प्रदेश युवा परिषद्ले प्रदेशका सबै स्थानीय तहमा स्वयंसेवक खटाएको छ । मंगलबार हेटौंडामा एक दिने अभिमूखीकरण कार्यक्रममा सहभागी गराएर स्वयंसेवक खटाइएको हो ।

प्रदेश युवा परिषद्ले स्टाप नर्स, कृषि तथा भेटेनरी प्राविधिक, ल्याव असिस्टेन्ट, अहेब, अनमी लगायतका प्राविधिक कर्मचारी अर्थात स्वयंसेवक स्थानीय तहमा खटाएको हो । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश युवा परिषद्को कार्यालयले प्रतिस्थानीय एक जनाका दरले १ सय १९ जना स्वयंसेवक खटाएको हो । प्रदेश युवा परिषद्ले सार्वजनिक सूचना प्रकाशन गरेर स्वयंसेवकका लागि आवेदन मागेको थियो । त्यसमध्येमा एक हजार ५ सय जनाले स्वयंसेवकमा काम गर्नका लागि निवेदन दिएकोबाट १ सय १९ जना छनोट गरिएको थियो ।

मंगलबार नै अधिकांश स्वयंसेवकले नियुक्तिपत्र बुझेर कार्यक्षेत्रमा खटिएका छन् । अभिमूखीकरण कार्यक्रमको उद्घाटन् गर्दै बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मुक्तानले सेवा गर्ने ठुलो अवसर रहेकाले काम गरेर देखाउन आग्रह गरिन् । खटिएका स्थानीय तहमा राम्रो सेवा गरेर जनताको मन जित्नुपर्नेमा उनको जोड थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव रामकृष्ण पुडासैनीले आफूले जानेका ज्ञान सीप विस्तार गर्न आग्रह गरेका छन् । स्थानीय तहले पनि यहाँबाट छनोट भएका प्राविधिकबाट भरपुर फाइदा लिन सक्नुपर्ने बताए ।

कार्यक्रमका अध्यक्ष तथा प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले युवाप्रति धेरै आशा हुने र स्थानीय तहमा पुगेर आशाको किरण जगाउने गरी काम गरेर देखाउन आग्रह गरे । परिषद्बाट खटिएपछि कुनै पनि गुनासो नआउने गरी काम गर्नुपर्ने चौलागाईको भनाई थियो । आफ्ना क्षमता देखाउने पहिलो अवसर भएकाले त्यही अनुसार काम गर्नुपर्ने उनले बताए ।


**आवश्यकता**

*प्रथम पटक प्रकाशित मिति २०८०/०१/२७*

प्रस्तुत विषयमा यस श्री सुन्दरीदेवी माध्यमिक विद्यालयमा रिक्त रहेको तपशिलको पदमा विद्यालय व्यवस्थापन समितिको मिति २०८० बैशाख २६ को बैठकको निर्णय र थाहा नगरपालिका शिक्षा शाखा इन्द्रायणीचौर मकवानपुरको मिति २०८०/०१/२५ को च.नं. २८३३ र २८३४ को प्राप्त पदपूर्ति अनुमतिपत्र बमोजिम विज्ञापन प्रकाशन गरिएकोले योग्य, इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

**१. क. पद : विद्यालय कर्मचारी**
२. आवश्यक सङ्ख्या : १
३. योग्यता : व्यवस्थापन सङ्कायमा १२ कक्षा उत्तीर्ण वा सो सरह
४. आवश्यक कागजात : क. शैक्षिक योग्यताको प्रमाणपत्रको १/१ प्रति फोटोकपि
ख. नेपाली नागरिकताको फोटोकपि
ग. कम्प्युटर डिप्लोमाको प्रमाणपत्र
५. कम्प्युटरमा अफिस प्याकेज सफ्टवेयर चलाउन दक्ष
६. निवेदन दस्तुर : १०००
७. निवेदन दिने अन्तिम मिति: २०८० साल जेष्ठ १० गते कार्यालय समयभित्र
८. निवेदन दिने स्थान: श्री सुन्दरी देवी मा.वि. थाहा-७, डाँडाबास मकवानपुर
९. सम्पर्क मिति २०८० साल जेष्ठ ११ गते

**२ पद : बालविकास सहजकर्ता**
२. आवश्यक सङ्ख्या : १
४. योग्यता : एस.इ.इ (SEE)उत्तीर्ण वा सो सरह
४. आवश्यक कागजात : क. शैक्षिक योग्यताको प्रमाणपत्रको १/१ प्रति फोटोकपि
ख. नेपालीना गरिकताको फोटोकपि
५. निवेदन दस्तुर : १०००
६. निवेदन दिने अन्तिम मिति : २०८० साल जेष्ठ १० गते कार्यालय समयभित्र
७. निवेदन दिने स्थान:श्री सुन्दरी देवी मा.वि. थाहा७, डाँडाबास मकवानपुर
८. सम्पर्क मिति २०८० साल जेष्ठ ११ गते
९. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।

**सम्पर्क : ९८५५०७४४०६, ९८६५४५९३०२**

**श्री सुन्दरी देवी माध्यमिक विद्यालय**
थाहा-७, डाँडावास, मकवानपुर

**शिक्षक आवश्यकता**

*प्रकाशित मिति २०८०/०१/२५*

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगर पालिका मकवानपुरको च.नं. ८४०९ मिति २०८०/०१/२३ को प्राप्त पदपूर्ति अनुमति पत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०१/२४ को निर्णयअनुसार यस विद्यालयलाई प्राप्त शिक्षण सिकाई अनुदान रकमबाट तपसिल बमोजिमको माध्यमिक तह विज्ञान शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुबाट १५ दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

विज्ञापन नं : ०३/२०८०
पद : मा.वि. तह विज्ञान (शिक्षण अनुदान कोटा)
संख्या : १ (एक)
नियुक्ति किसिम : अनुदान करार
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
तलब : नेपाल सरकारले तोके बमोजिम अनुदान रकम
आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा स्नातक तह उत्तीर्ण
आवश्यक कागजात : १) निवेदन (हस्तलिखित)
२) नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति-१
३) मा.वि.तहको स्थायी अध्यापन अनुमति पत्रको छायाँप्रति-१
४) शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति-१
५) बायोडाटा एक प्रति/अनुभव केही भए सो समेतको छायाँप्रति-१
परीक्षा दस्तुर : रु. १५००। (एक हजार पाँच सय मात्र)
दरखास्त दिने अन्तिम मिति : २०८०/०२/०८ गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०८०/०२/०९ गते
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने ।
थप जानकारीको लागि
सम्पर्क नम्बर: ९८४५१०४९८३ (प्र.अ), ९८४५१२२५२५ (अध्यक्ष वि.व्य.स.)

**श्री राजदेवी माध्यमिक विद्यालय**
बागमती प्रदेश हे.उ.म.न.पा.-१७, गुवाबारी, राजदेवी, मकवानपुर

**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु**

☞ सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
☞ सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
☞ सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
☞ गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
☞ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना !**

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा विरामीले बिलबमोजिम बढीमा पचास हजार रुपैंयाँसम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

**स्वास्थ्य कार्यालय, मकवानपुरको खोपसम्बन्धी अत्यन्त जरूरी सूचना**

बालबालिकाहरुलाई विभिन्न संक्रामक रोगहरुबाट बचाउन जन्मे देखि १५ महिनाभित्र विभिन्न खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुँदै आएको छ । बालबालिकालाई उमेर अनुसार लगाउनुपर्ने सबै खोपहरु पूरा गराएमा मात्र बालबालिकालाई स्वास्थ्य राख्न सकिन्छ । त्यसैले १५ महिना भित्रमा लगाउनुपर्ने खोपहरु छुट भएको भए नजिकैको खोपकेन्द्र लगि आफ्ना बालबालिकालाई खोप पूरा गराउन हुन अपिल गरिन्छ ।

**याद गर्नुहोस्:**
बालबालिकाको पूर्ण खोपको लागि खोज र खोप अभियान सञ्चालन भईरहेको छ तसर्थ आफ्ना ५ बर्ष मुनिका बालबालिकामा समेत नेपाल सरकारबाट उपलब्ध हुने कुनैपनि खोप लगाउन छुट भएको भए नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**स्वास्थ्य कार्यालय, मकवानपुर**

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना